**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 03.07.2024**

- **MLA Visits Dikchu HWC**

सड़क एवं पूल विभाग मन्त्री श्री नरबहादुर दाहालले आज मंगन जिल्लाको जङ्गु समष्टिका विभिन्न क्षेत्रमा क्षतिग्रस्त सड़क मार्ग र पूलको निरीक्षण गर्नुभयो। उहाँको यो भ्रमणको उद्देश्य क्षतिको आकलन गर्नका साथै आवश्यक मरम्मत र सुधारका निम्ति योजना तयार पार्नु रहेको थियो। यसैक्रममा काबी लुङ्चोकका विधायक श्री TT भोटियाको नेतृत्वमा गएको पञ्चायत सदस्य लगायत अधिकारीगणको एउटा टोलीले आज डिक्चु नयाँ बजारस्थित स्वास्थ्य एवं कल्याण केन्द्र लगायत यस निर्वाचन क्षेत्र भित्रका अन्य केन्द्रहरूको भ्रमण गऱ्यो।
यस अवधि उहाँले स्वास्थ्य अधिकारीहरूसित अन्तरक्रिया गर्दै उनीहरूले सामना गर्नुपरेको चुनौतीबारे जानकारी लिनुभयो अनि बिरामीहरूलाई तत्काल सेवा उपलब्ध गर्ने आग्रह गर्नुभयो। यस अवधी विधायक समक्ष चिकित्सा अधिकारी एवं स्वास्थ्य कर्मचारीहरूले महत्त्वपूर्ण सामग्रीको आवश्यकताबारे अवगत गराउनुभयो।
वार्ड पञ्चायत सदस्य श्री ज्ञान छिरिङ लेप्चाले डिक्चु नयाँ बजारमा मैला र ढल निकास प्रणालीको समस्याबारे विधायकलाई अवगत गराउनुभयो। पञ्चायत र मानिसहरूको अनुरोधपछि विधायक श्री भोटियाले लोवर तनेकस्थित जिन खोलामा पर्यटन स्थल स्थापित गर्ने आश्वासन दिनुभयो।

----------------------------------------X----------------------------------------

- **Home Delivery of Official Document**

मंगन नगर पञ्चायतले आफ्नो परिधी भित्रका लाइसेन्स धारकहरूलाई उनीहरूको नवीकृत व्यापार लाइसेन्स घर-घरमा गएर हस्तान्तरण गर्ने पहल आजबाट शुरू गरेको छ। यो प्रक्रिया राज्यमा प्रथमपल्ट शुरू भइरहेछ। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको निर्देशन र घोषणापछि नगर पञ्चायतले विभागीय कार्यालयद्वारा आम नागरिकका निम्ति जारी गरेको दस्तावेज लाभार्थीको घरमा पुगेर सोझै हस्तान्तरण गर्ने सुविधा शुरू गरेको हो। नगर पञ्चायतका बजार निरीक्षक तथा अन्य अधिकारीको एउटा टोली सम्बन्धित लाइसेन्स धारकको घरमा पुगेर उनीहरूको दस्तावेज हस्तान्तरण गरिरहेछ। आम नागरिकले यस पहलको सराहना गर्दै अधिकारीहरूप्रति खुशी तथा आभार व्यक्त गरेका छन्।

----------------------------------------X----------------------------------------

- **Coordination Meeting**

सहकारिता तथा ग्रामीण विकास विभाग मन्त्री श्री अरूण कुमार उप्रेतीले तादोङस्थित विभागको सम्मेलन कक्षमा बसेको समन्वय बैठकको अध्यक्षता गर्नुभयो। आज बसेको बैठकलाई सम्बोधन गर्ने क्रममा मन्त्रीले विभाग सञ्चालनको सुधारमा रहने समन्वयको महत्त्वमाथि प्रकाश पार्दै न्यानो स्वागतका निम्ति कृतज्ञता व्यक्त गर्नुभयो। उहाँले मुख्यमन्त्रीको सुनौलो र समृद्ध सिक्किमको विचारको प्रशंसा गर्दै अधिकारीहरूलाई राज्य सरकारसित निकट समन्वय राखेर काम गर्न प्रोत्साहित गर्नुभयो। श्री उप्रेतीले अधिकारीहरूमाझ एक्यबद्धता र समर्पणको आवश्यकतामाथि जोड़ दिनुभयो। मन्त्रीले विभागीय पहलको सफलतापूर्वक कार्यान्वयन गर्न ग्रामीण विकासमा ध्यान दिनुपर्ने आवश्यकताबारे बताउनुभयो। विभागकी आयुक्त एवं सचिव श्रीमती यसोदा भण्डारीले विभागको भूमिका, पहल र गतिविधिमाथि प्रकाश पार्दै बहुउद्देश्यीय सहकारी समाजको कार्यबारे अवगत गराउनुभयो।

----------------------------------------X----------------------------------------

- **Awareness Programme on RTI**

राज्य सुचना आयोगले सूचनाको अधिकार ऐन 2005-माथि जागरूकता कार्यक्रम आयोजन गऱ्यो। पाकिमको रूर्बन परिसरमा आज आयोजित कार्यक्रममा अतिरिक्त जिल्लापाल (विकास) श्री रोबिनप्रसाद सेवाले ग्राम पञ्चायत र पञ्चायती राज संस्थानका कर्मचारीहरूमा सूचनाको अधिकारको महत्त्वबारे हुनुपर्ने जानकारीमाथि जोड़ दिनुभयो। उहाँले सूचनाको अधिकार ऐनको व्यापक लाभ सुनिश्चित गर्न जमीनी स्तरमा पारदर्शिता र जवाफदेहितालाई प्राथमिकता दिनमा रहेको सूचित व्यक्तिहरूको महत्त्वपूर्ण भूमिकामाथि प्रकाश पार्नुभयो।
आयोगकी उप-पञ्जीयकार एवं कानून अधिकारी श्रीमती छिरिङ छोडेन भोटियाले सूचनाको अधिकार ऐनको महत्त्वमाथि जोड़ दिँदै सूचनाको अनुरोध गर्न नागरिकहरूले गर्न सक्ने यस ऐनको प्रभावकारी उपयोगबारे विस्तृत रूपमा जानकारी प्रदान गर्नुभयो।
उहाँले RTI आवेदन दर्ता गर्ने प्रक्रिया, सूचना प्राप्त गर्ने अपेक्षीत समय सीमा र अनुरोध गर्न सकिने सूचनाको प्रकारमाथि विस्तृत जानकारी दिनुभयो।

----------------------------------------X----------------------------------------

- **Awareness Programme**

सोरेङ जिल्ला महिला सशक्तिकरण केन्द्रले मालबासेस्थित डन बोस्को विद्यालयमा यहाँका विद्यार्थीहरूका निम्ति भारतीय न्याय संहितामा रहेको महिलामुखी प्रावधानमाथि जागरूकता सत्र आयोजन गऱ्यो। हिजो आयोजित यो कार्यक्रम महिलामुखी विषयमाथि सय दिने विशेष जागरूकता अभियानअन्तर्गतको एउटा पहल हो।

यस सत्रमा सोरेङकी उपनिरीक्षक श्रीमती नोरके लाचेनपाले विद्यार्थीहरूलाई भारतीय न्याय संहिताअन्तर्गत रहेका विभिन्न कानूनी प्रावधानबारे अवगत गराउनुभयो। यसैक्रममा जिल्ला बाल सुरक्षा एकाईकी श्रीमती एरोमिना लेप्चाले Child Help Line र Women Helpline Line जस्ता विभिन्न हेल्पलाइन नम्बरबारे जानकारी दिनुभयो।

----------------------------------------X----------------------------------------

- **Review Meeting**

आगामी जिल्ला स्तरीय एक सय दसौं भानु जयन्ति समारोहलाई लिएर जिल्ला प्रशासनिक केन्द्र, सोरेङको सम्मेलन कक्षमा आज समन्वय बैठक बस्यो।

जिल्लाधीश श्री धिरज सुवेदीले अध्यक्षता गरेको बैठकमा कार्यक्रमको तयारी र व्यवस्थापनसित सम्बन्धित विभिन्न विषयमा विस्तृत रूपमा चर्चा भयो। जिल्लाधीशले कार्यक्रमलाई सफल तुल्याउन लाइन विभागसित सहयोग र समन्वय राखिदिने आग्रह गर्नुभयो।

समारोहमा अन्तर महाविद्यालय तर्क प्रतियोगिता, वरिष्ठ माध्यमिक स्तरीय अन्तर विद्यालय तत्काल भाषण प्रतियोगिता, निम्न माध्यमिक र माध्यमिक स्तरीय अन्तर विद्यालय कविता वाचन प्रतियोगिता, अन्तर खण्ड प्रशासनिक केन्द्र स्तरीय रामायण पाठ र अन्तर विभागीय पारम्परिक नृत्य प्रतियोगिता समावेश गरिने जानकारी गराइएको छ।

----------------------------------------X----------------------------------------